# समाचार सन्देश

वर्ष १५, अङ्क १ आई.पी.एस्. लेख रचनाको सँगालो, फागुन ४-१७, २०६४ (फेब्रुअरी १६-२०, २००८)

# मोबाइल फोन र रेडियो आन्दोलनकारीको असल साथी

– मारवान म्याकन मार्कर

बैंकक (आई.पी.एस्./एन्.पी.आई.) – गत वर्षको अगष्ट महिनादेखि रंगुन शासक प्रजातन्त्र चाहने व्यक्तिहरूप्रति अझ बढी आक्रामक छ । प्रजातन्त्र चाहने व्यक्तिहरू भूमिगत छन् । यस्तै भूमिगत जीवन जिउँदै आएका एक व्यक्तिले १० ठाउँमा डेरा सारिसकेका छन् । बर्माको सैनिक शासन र गुप्तचरहरूले चिन्न नसकून् भनेर उनले डेरा सर्ने अभियान जारी राखेका हुन् । उनको नाम हो टुन मिन्ट यङ्ग ।

जब टुन एक ठाउँबाट अर्को सुरक्षित ठाउँ खोज्दै डेरा सर्छन्, त्यो बेला उनी दुई साधनलाई कहिल्यै छोड्दैनन् । ती साधनहरू हुन्- मोबाइल फोन र सानो चिनिया रेडियो। रेडियोले बर्माको सैनिक शासनविरुद्ध समाचार दिन्छ। डेमोक्र्याटिक भ्वाइसका अतिरिक्त ओस्लो र नर्वेबाट प्रसारित हुने कार्यक्रम सुन्न उनलाई रेडियो नभई हुँदैन ।

'अहिले मेरा लागि फोन र रेडियो महत्वपूर्ण बस्तु भएका छन् । जहाँ गए पनि म यसलाई छोड्दिनँ । सुतेको बेलामा पनि यी दुवै साधन मेरो नजिकै हुन्छन्,' उत्साहपूर्ण आवाजमा टुनले भने । बर्माको पूर्व राजधानी रंगुनस्थित सुरक्षित पछिल्लो डेराबाट उनी आईपीएसलाई टेलिफोनमा अन्तर्वार्ता दिँदै थिए । 'सैनिक शासनको निगरानीका बाबजुद म बाहिरका साथीहरूसँग सम्पर्कमा रहन्छु । मुलुकमा भएका घटनाको अनुगमन गरिरहन्छु'

उनको टेकसुम सटवेभ रेडियो बर्माको सैनिक शासनको आँखामा परेको छ । 'मेरा लागि रेडियो सामाजिक हतियार हो । हाम्रो आन्दोलन अघि बढाउन यसैले सघाएको छ' फोनमा टुनले भने, रेडियो मात्र सुनेको थाहा पायोभने सैनिक शासनले उनलाई जेल हाल्छ । सैनिक शासनको विरोधमा बोल्ने रेडियो सत्ताका लागि प्रमुख दुश्मन हुन पुगेको छ । सत्ता रेडियोले आफूविरुद्ध टिप्पणी गरेको सुन्न चाहँदैन ।

टुनले आफू ८८ जना विद्यार्थीको सञ्जालमा आबद्ध रहेको खुलासा गरे । '८८ पुस्ता छात्र' नाम दिइएको सो सञ्जाल विश्वविद्यालयबाट स्नातक गरेका पूर्व छात्रहरूको हो । बर्मामा लोकतन्त्रका लागि हुने शान्तिपूर्ण विरोध समारोहमा सञ्जालका सदस्यहरू नै अग्रपक्तिमा रहेका थिए । उनीहरूले आफ्नो संगठनको नामको अगाडि ८८ राख्नुको अर्थ १९८८ को जनआन्दोलनको सम्मान हो । त्यस आन्दोलनमा सैनिक शासकले करिब ३ हजार आन्दोलनकारीको ज्यान लिएको थियो ।

अगस्ट २००७ सम्म '८८ पुस्ता' को छायाँ संगठनमा रहेर टुनले कार्य गरे । त्यसको नेतृत्व मीनको नायिङ्गजस्ता नेताले समेत गरेका थिए । मीनलाई लोकतान्त्रिक आन्दोलनमा नोवेल पुरस्कार विजेता प्रतिपक्षी नेतृ आङसाङ सुकी पछिको सम्मानित व्यक्तिका रूपमा हेरिन्छ । १९८८ को जनआन्दोलन पछि जुन्टा सरकारले मीनको निङ्ग र अन्य प्रभावशाली नेताहरूलाई गिरफ्तार गर्‍यो । आन्दोलन बिनाकुनै जानकारी पेट्रोलियम पदार्थमा ५ सय प्रतिशतले मूल्यबृद्धि गरिएको विरोधमा भएको थियो ।

यसै वर्षदेखि ४० लागेका टुन मीन पुङ प्रहरीले नसमातोस् भनेर वर्षौंअघि घरबाट भागेका हुन् । घरबाट भागेपछि भाग्नेक्रमले निरन्तरता पाइरहेको छ । कति रात उनी लुक्ने ठाउँ नपाएर सडकपेटीमै बिताउँछन् । यसले उनलाई '८८ पुस्ता' को नयाँ नेता

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

बन्न प्रेरित गरेको छ । उनीजस्तै प्रभावशाली अन्य दुई नेता मिलार थेइन् र सोइ टुन पनि रहेका छन् । यी तीनै व्यक्तिमा भावी नेतृत्वको सम्भावनाको झलक पाइन्छ ।

उनले नेतृत्व गरेर सैनिक सत्ताविरुद्ध निकालेको पहिलो जुलुस छायाँमा पर्‍यो । सेप्टेम्बर महिनामा रंगुन र अन्य शहरहरूमा उनले प्रदर्शनको नेतृत्व गरेका थिए । हजारौं व्यक्तिहरू गेरु बस्त्रधारी भिक्षुहरूको पछि लागेर शान्तिपूर्ण विरोधमा सरिक भए । उनीहरूले असहनीय आर्थिक मन्दीको विरोधमा आवाज उठाए । '८८ पुस्ता' का नेताहरू पक्राउ परे । राजनीतिक कार्यकर्ताहरू निरन्तर गिरफ्तार भैरहे । सुकी त झन् गिरफ्तारीमा पर्ने नै भइन् । जुन्टा सरकार आन्दोलनकारी जनताको माग पूरा गर्नुको सट्टा प्रदर्शनकारीको हत्या, भिक्षुहरूमाथि आक्रमण र सयौंलाई जेलहाल्ने काममा सरिक भयो ।

सोही जनआन्दोलनको परिणामस्वरूप आगामी मे महिनामा नयाँ विवादास्पद संविधान निर्माणका लागि जुन्टा सरकारले हालै मात्र जनमत संग्रहको घोषणा गरेको छ । सैनिक सत्तालाई वैधता प्रदान गर्न र त्यसको आयु लम्याउन भएको यस खेलविरुद्ध लोकतन्त्रवादी कार्यकर्ताहरू भूमिगत रूपमा सक्रिय भएका छन् । संविधानका लागि हुने भनिएको जनमत संग्रह उनीहरूका लागि चुनौतीको विषय बनेको छ ।

'हामी ८८ पुस्ता अन्य ११ वटा संगठनका साथ काम गरिरहेका छौं, हामीले बुझ्नुपर्ने तथ्य के भने यो संविधान जनताका प्रतिनिधिहरूले बनाउँदै छैनन् चुनाव स्वतन्त्र तथा निष्पक्ष ढंगबाट होला भन्ने कुरामा पनि कुनै आश छैन,' टुनले भने- यदि जनताले जुन्टा सरकारको लहैलहैमा लागेर भोट हाल्ने विचार गरेभने हामी 'हुँदैन' भनेर प्रचार अभियान अघि बढाउँछौं । जनमत संग्रहका नाममा सैनिक शासकले राजनीतिक मान्यता र वैधता हासिल गर्न खोजेको हो भनेर जानकारी दिन्छौं ।

जनमत संग्रहका विरुद्ध आम रूपमा अभियान चलाउने विषयमा छलफल भैरहेको छ । 'हामी सेनाविरुद्ध राष्ट्रव्यापी मौन आन्दोलन चलाउन चाहन्छौं । हामी आफ्नो सञ्जालमार्फत जनतासँग सम्पर्कमा छौं । जनता के चाहन्छन् भन्ने कुरा फोन र अन्य सञ्चारका माध्यम प्रयोग गर्दै हामी बाहिर ल्याउँछौं' उनले प्रष्ट पारे- हामी मौन आन्दोलन विशालतम हुनुपर्छ भन्ने कुरामा ध्यान दिएर लागेका छौं । यो अभियान कुनै व्यक्तिविरुद्ध नभएर सैनिक शासन पद्धतिविरुद्ध केन्द्रित हुनेछ ।

८८ पुस्ताका नेतालाई गएको फेब्रुअरी महिनामा आगामी मेमा जनमत संग्रह गरिने भनेर जुन्टा सरकारले घोषणा गरेकोमा उनीहरूलाई आक्रोशित बनाएको छ । 'बर्मेली जनताविरुद्ध सैनिक शासनले युद्धको घोषणा गरेका रूपमा हामीले जनमत संग्रहलाई लिएका छौं । छिमेकी चिनिया सरकारले सैनिक जुन्टा सरकारलाई समर्थन दिएको विरोधमा बेजिङमा यसै वर्ष हुने ओलम्पिक महोत्सव बहिष्कार गर्न विश्वलाई अनुरोध गर्ने सोच पनि रहेको छ ।

कार्यविभाजनअनुसार टुनले परराष्ट्र सम्बन्ध वा बाहिरको विषय हेर्नु पर्दैन, उनले मुलुक भित्रकै व्यवस्था मिलाउनुपर्छ । 'काम निकै भारी छ तर यो उत्साहजनक पनि छ,' उनले भने । 'म निराश छैन । जति सक्छु त्यति बढी काम मबाट हुनेछ । सैनिक शासकका विरुद्ध म अभियानमा डटिरहने छु । जेलमा रहेका हाम्रा दाजुभाई साथीलाई सघाउने तरिका नै यही हो ।'

उनको गिरफ्तारीले आन्दोलनलाई प्रतिकूल असर पार्छ भन्ने सोचेर पनि उनी लुकी लुकी हिंडिरहेका छन् । आन्दोलन अघि बढाउन उनले जति अनुभव हाँसिल गरेका छन् त्यति अनुभव अरुमा छैन । उनी १९९० मा पक्राउ परेका थिए । रंगुनको कालकोठरीमा तीन वर्ष उनले बिताए । त्यसबेला उनी रंगुन विश्वविद्यालयमा भूगोलका विद्यार्थी थिए । उनको 'अपराध' १९८८ का प्रजातन्त्रवादी नेतालाई समर्थन गर्नु थियो । १९९८ मा आएर फेरि उनी समातिए र २००५ सम्म जेल हालिए । त्यसपछि उनी फेरि राजनीतिक गतिविधिमा संलग्न रहदै आएका छन् ।

'वर्षौं भैसक्यो मैले आफ्नो बाबुआमासँग कुराकानी गर्न पाएको छैन । जानेरै पनि उहाँहरूसँग कुराकानी गर्न सक्दिनँ । रंगुनस्थित मेरो घरमा जुन्टाका कर्मचारीहरूले आँखा गाडिराखेका हुन्छन्' उनले एकछिन रोकिएर फेरि भने-मलाई घरपरिवारको सम्झना नआउने चाहिँ होइन । खासगरी भतिजा भतिजीको सम्झना आइरहन्छ । तर अब त उनीहरू मलाई नभेटीकनै जीवन चलाउन अभ्यस्त भैसके ।

'यदि मैले सडकमा कुनै अनौठो आवाज सुनेंभने, धेरै कुकुरहरू भुकेको आवाज कानमा पर्‍योभने म व्युँझन्छु । कतै केही अप्रिय घटना त भएन भन्ने आशंका जाग्छ ।'

अस्पताल र उपचार केन्द्रहरूमा भर्ती हुन उनका लागि सम्भव छैन । 'म बिरामी हुन सक्तिनँ, स्वास्थ्य परीक्षण गर्न उपचार केन्द्रहरूमा जानु मेरालागि अति नै खतरनाक छ । त्यसैले म बिरामी हुन सक्दिनँ भन्ने कुरालाई ख्याल गर्दै सतर्क हुने गर्दछु ।

उनले डाक्टरलाई भेटे नै भनेपनि शरीरको स्वास्थको बारेमा कुरा नभएर मुलुकका राजनीतिक स्वास्थ्यको बारेमा कुरा हुन्छ । उनी जुन्टा सरकारको राजनीतिक पतनका उपायहरू सोचिरहेका हुन्छन् । तर यस सोचमा उत्ताउलो आक्रोश होइन गम्भीर योजना लुकेको हुन्छ । 'गत वर्ष भएको विरोध जुलुसमा क्यामराको आँखाबाट म बच्न सकें, त्यसमा मलाई निकै खुशी छ,' टुनले भने ।

तर यसरी सधैं आफ्नो परिचय लुकाएर बस्न सकिन्नँ । उनी भन्छन्- जुन्टा सरकार हाम्रा सबै साथीलाई पक्राउ गर्न चाहन्छ । म आफ्नो भविष्यबारे केही पनि भन्न सक्दिनँ, मैले जेल जानु पर्छ वा पर्दैन मलाई थाहा छैन ।

# चिनिया सरकारलाई सँस्कृति बिर्सेको आरोप

– एन्टोनेटा बेज्लोभा

बेइजिङ (**आई.पी.एस्./एन्.पी.आई.**) – सरकार नयाँ वर्षमा मनाउने चिनिया चाडबाड परिमार्जन गर्ने प्रयासमा लागेको छ। चीनमा परम्परागत साँस्कृतिक मन्दिरमा मनाइने लोक धर्ममा सुधार ल्याउने अभ्यास जारी छ ।

चिनिया सार्वजनिक विदाको सूचीमा परिवर्तन गर्ने नयाँ अवधारणा कम्युनिष्ट साँस्कृतिक क्रान्तिको समयबाटै आएको हो । तर पछि जनतालाई उनीहरूले चाहेको लोक पर्वहरू मनाउन अनुमति दिइयो। एक पटक प्रतिबन्धित चाडबाड पुन: खुला गरिए ।

साँस्कृतिक क्रान्तिका बाबजुद बेइजिङको प्रसिद्धि ठूला मन्दिर र पार्कका नाममा कायम थियो । वसन्त ऋतुमा मनाइने चाडपर्व र चिनिया नयाँ वर्षले परम्पराका विरोधीलाई व्यङ्ग गरिरह्यो ।

'आज एक प्रान्तबाट अर्को प्रान्तमा भ्रमण गर्ने आन्तरिक पर्यटकहरूका लागि आकर्षणको विषय नै लोक सँस्कृति हुन पुगेको छ । अतिथिलाई प्रभावित बनाउन नयाँ पुस्ताले पुरानो सँस्कृतिको अभ्यास गर्ने र मनोरञ्जन दिलाउने काम गर्छन्,' राजधानीबाट प्रकाशित बेइजिङ न्युजमा 'पृथ्वीको मन्दिर' स्तम्भ लेखक झाङ्ग मिन जानकारी गराउँछन् ।

चिनिया सँस्कृतिमा प्रयोग गरिने वस्तुहरू महागा हुन्छन् । त्यसमा सौन्दर्य र कला हुन्छ । बेइजिङ मन्दिरका नाममा मेला र महोत्सवको पनि आयोजना गरिन्छ। पेकिङ अपेरा पनि लोक सँस्कृतिकै झाकी दिने एक प्रयास हो । रंगीन पैसा, ऐतिहासिक व्यक्तिको आवरणमा सजिएका नमुना पात्रहरू, अनौठा चंगा, कारचोपी भरिएका कपडा र गहाना लोक सँस्कृतिका अंगहरू हुन्। तर अहिले यी साधनहरूलाई नयाँ त्यस्तै देखिने उत्पादनहरूले विस्थापित गरिदिएका छन् । ठूलो परिमाणमा उत्पादित यस्ता वस्तुहरूको मूल्य भने निकै सस्तो छ ।

चिनिया सँस्कृतिमा आधुनिकताले प्रवेश पाएकोमा परम्परागत मानसिकताका व्यक्तिहरू भने सन्तुष्ट छैनन् । उनीहरू मुलुकभित्र मात्र होइन विदेशमा पनि आफ्नो सँस्कृतिको विस्तार भएको हेर्न चाहन्छन् ।

'आज बेइजिङमा जस्तो लोक सँस्कृति मनाइन्छ, त्योभन्दा बढी आकर्षक र यथार्थपरक रूपमा लण्डनमा त्यस सँस्कृतिको अभ्यास गर्ने गरिएको छ,' लण्डनमा बसेर बेलायती संस्थाका लागि चिनिया सल्लाहकारका रूपमा कार्य गर्दै आएका केभिन लिआओ भन्छन् ।

'यहाँ बेइजिङमा जस्तो मन्दिर त छैन तर चाडवाडमा सबै चिनियाहरू भेला हुन्छन् र तन-मनले लोक सँस्कृति मनाउँछन् । संस्कृति मनाउनेहरूको समूह लामबद्ध भएर सिंह र राक्षसको आकार सिर्जना गर्छ। बेजिङमा पनि यस्तै तरिकाले यो खेल देखाइन्छ । तर त्यहाँ तपाईं हेर्न जानुभयो भने शुल्क तिर्नुपर्छ, मलाई मन परेन भनेर तपाईं शुल्क नतिरी उम्किन पाउनु हुन्नँ । हरेक मन्दिरमा प्रवेश चाहनेले शुल्क बुझाउनु अनिवार्य छ,' उनले प्रष्ट पारे ।

विदेशमा बस्ने चिनियाहरूका लागि यस्तो लोक सँस्कृति पहिचान र गर्वका विषय भएका छन् भने चीनभित्र यस्ता वस्तु आम्दानीका स्रोत भएका छन् । विदेशमा स्वदेशको स्मृति ताजा बनाउन र आफ्नो परिचय दिन के जवान के बुढाबुढी सबै चिनियाहरू उत्साहका साथ सरिक हुने गर्दछन् ।

'बेइजिङ कुनै बेला गहुँगोराहरूको शहर थियो । घरहरूको रंग पनि खैरो नै हुन्थ्यो । पर्खाल पनि त्यस्तै रंगका हुन्थे । हिउँदको मध्यमा शहर सिँगारेर आतेसवाजी गरेर मनाउने एक चाडको आयोजना गरिन्थ्यो' बेइजिङ नर्मल युनिभर्सिटीका अवकास प्राप्त प्राध्यापक लिउ जिओई विगत सम्झिन्छन् ।

केटाकेटीलाई रातो पहिरन लगाइदिएर उत्सवमा सरिक गराइन्थ्यो । रातो पहिरनका कारण दुष्ट आत्माहरू उनीहरूमा प्रवेश गर्न सक्तैनन् भन्ने विश्वास थियो । बाबुआमाको पछि लागेर होहल्ला र स्वादिला खाद्य परिकारको वास्नामा र डमगिँदै केटाकेटी हँसिलो मुद्रामा सरिक हुन्थे । यताउति घुम्थे, कथावाचकहरूको कथा सुन्थे, कुस्ती र एक्रोव्याट्सको आनन्द लिन्थे । हरेक कुनामा आनन्दै आनन्दले वास गर्थ्यो । मेलामा व्यापार पनि चल्थो- खासगरी खाद्य परिकार यत्रतत्र पाइन्थ्यो । मन्दिर परिसरमा चक्लेट, स्याउ, सूप, मसलेदार नुडल्स, भेडाको मासु, गेडागुडीको लिटो....।

मेलामा आनन्द उठाउने विषयमध्ये प्रमुख विषय खाना हुन्थ्यो । तर यस वर्ष मेलाले सहभागीलाई निराश बनायो । 'बेइजिङको लोकप्रिय खाद्यवस्तु 'सिओआची' वा परम्परागत खाजा एउटा ठूलो डालोमा हालेर प्लास्टिकको प्लेटमा बाँडियो । सहभागी लामो लाइनमा बसेर दुबै हात पसारेर प्लेट समाइरहेका थिए । लाग्थ्यो, चिनियाहरू भयानक अनिकालको शिकार भएका छन्,' झाङले भने ।

विडम्बनाको कुरा, एकातिर सरकारले आर्थिक वृद्धि दरले रेकर्ड तोडेको र भयानक प्रगति गरेको भन्दै गर्व गरिरहेका बेला लोक सँस्कृति र मूल्य-मान्यताले भने अनिकालको सामना गरिरहेको थियो ।

कुनै बेला चीनका दिवंगत नेता माओ त्सेतुङले परम्परागत धर्म, सँस्कृति, लोक सँस्कार र पुराना मान्यताले चिनिया नागरिकलाई पतन गराउने ठहर गर्दै विवाहदेखि मृत्युसम्मका सँस्कार बदल्न आवश्यक रहेको धारणा सार्वजनिक गरेका थिए । बलपूर्वक जनतालाई आस्थाबाट च्युत गर्ने काम भएको थियो । विनाश अभियान चलाइएको थियो । पुराना औषधिदेखि संगीतसम्म आक्रमणका विषय बनेका थिए ।

तर विस्तारै तत्कालीन समाजमा कम्युनिष्ट अवधारणा असफल हुँदै गएपछि पछिल्ला नेताहरूले जनतालाई आफ्नो सँस्कृति, परम्परा र लोक सभ्यताप्रति गर्व गर्न सिकाए, ५ हजार वर्ष पुरानो ऐतिहासिक धरोहरलाई पहिचान बनाउनु नै देशभक्तिको विषय हुने मान्यता अघि सारे ।

पछि आएर सरकारले मजदुर मुक्तिको रूपमा मनाइने मे दिवसमा दिने गरिएको विदा पनि कटौती गऱ्यो र तीन पर्वका नाममा एक दिन विदा दिने घोषणा गऱ्यो । मे दिवसको विदा कटौती गरेकोमा अन्तर्राष्ट्रिय समुदाय चकित पऱ्यो । जेहोस्, मुलुकले चाडपर्व र लोक सँस्कृतिको सम्मान गऱ्यो । यो मुलुकको पहिचान र सम्मत्ति हो भन्ने स्वीकार गऱ्यो । जुन महिनामा ड्रयागन डुंगा महोत्सव धुमधामले मनाइन्छ । यो पर्व चीनका अतिरिक्त छिमेकी दक्षिण कोरियामा पनि उत्तिकै महत्वका साथ मनाइन्छ ।

दक्षिण कोरियाका चाडपर्वसँग चिनिया चाडपर्व मिल्दाजुल्दा छन् । छिमेकमा त्यही पर्व पूर्ण उमङ्गका साथ मनाउने तर चिनियाहरूले चाहिं मनाउन नपाउने वा कम महत्व पाउने कारणले चिनिया सँस्कृतिविद्लाई आक्रोशित बनाएको छ ।

२००५ मा युनेस्कोले ड्रयागन डुंगा पर्वलाई सूचीकृत गरेको छ । दक्षिण कोरियाले कन्फुसियसको सम्झनामा यस पर्वलाई सूचीकृत गर्न आग्रह गरेअनुसार सो कार्य भएको हो । यसैगरी दक्षिण कोरियाले चिनिया परम्परागत औषधिजस्तै आफ्नो मुलुकको नाममा पनि औषधि सूचीकृत गरेको छ । तर यी औषधिहरू प्राय: समान छन् ।

यहींनिर चिनिया बुद्धिजीवीहरूको चिन्ता के भने चीनले आफ्नो ठानेका परम्परा, सँस्कृति र ओखतीहरूमा समेत अरुले 'मेरो हो' भनेर दावी गर्ने र त्यसलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउन समेत सफल भएका छन् । भियतनामले चीनले यायुए भनिने संगीतलाई शाही अदालत संगीतका रूपमा सूचीकृत गरेको छ भने क्याम्बोडियाले प्रसिद्ध 'स्याडो प्ले' लाई आफ्नो बनाएको छ ।

'भौगोलिक स्वामित्व र अधिकारले मात्र मानिसलाई पुग्दैन, चीनले आफ्नो साँस्कृतिक सार्वभौमसत्तालाई पनि जोगाउन सक्नुपर्छ,' बाइ जेङ्गसेङ्ग नामका विद्वानले तर्क दिएका छन् । 'पहिचान गर्न सकिने संस्कृति सभ्यता परम्पराजस्ता वस्तु पनि संरक्षण गरिनुपर्छ, परम्परागत निधिलाई संरक्षण गर्न रणनीति बनाई अघि बढ्नुपर्छ,' ।

सांस्कृतिक संरक्षण गर्ने प्रक्रियालाई लिएर विवाद सुरु भएको छ । चीनले आधुनिकतामा प्रवेश गर्नु, संस्कृतिलाई कृत्रिम प्रदर्शनीको विषय मात्र बनाउनु र विषेश समारोहमा मात्र स्मरण गर्नु सरकारको कमजोरी हो भन्ने धारणा झाङ्गको रहेको छ ।

'सय वर्षभन्दा पुरानो बेजिङको परम्परागत खाद्य-वस्तुहरू हातले बनाइन्थे र साना पसलहरूमा विक्रीका लागि राखिन्थे तर आजभोलि यस्ता पसल देखिंदैनन् । चर्को बहालका कारण परम्परागत वस्तुहरू बजार बाट लोप भएका छन्' झाङ भन्छन्- जब यस्ता बस्तुहरू हातको सट्टा मेसिनले बनाउन थालिए, तब स्वाभाविक रूपले त्यसमा नक्कलीपन सिर्जना भयो ।

आम नागरिकमा परम्परागत चाडपर्वको 'व्याख्या गर्ने अधिकार' हुनुपर्छ भनेर सरकारसमक्ष माग गर्ने काम हुँदै आएको छ । 'परम्परागत सँस्कृति र सभ्यतालाई त्यागेर देशभक्ति प्रकट हुँदैन,' बेजिङ युथ दैनिक अखबारमा ग्वाङडोङका झोयु युन भन्छन् ।

# श्रीलङ्काको सञ्चार माध्यम सङ्कटमा

– अमन्था पेरेरा

कोलम्बो (आई.पी.एस्./ एन्.पि.आई.) - फेब्रुअरी महिनाको सुरुमा एसोसिएटेड प्रेस संवाद समितिका (एपी) फोटो पत्रकार जेमुनु आमेरासिङ्गे कोलोम्बोको मध्य शहरमा सामान्य घटनाका तस्वीर खिच्दै हिंडिरहेका थिए। जब उनले केही इसिफताना विद्यालयका विद्यार्थीको तस्वीर खिंचे र नजिकै सैनिक केन्द्र रहेको कुरालाई स्मरण गर्दै फर्किनै लागेका थिए, त्यसैबेला नागरिक प्रतिरक्षा कमिटी (सिडिसी) का सदस्यहरूले उनको बाटो छेके।

सिडिसीका सदस्यहरूले हतियारधारीहरूले लिवरेसन टाइगर्स अफ तमिल इलम (एलटिटिई) का पक्षमा काम गर्ने व्यक्तिका रूपमा दोष लगाउँदै धम्की दिए। उनले एपी र श्रीलङ्काको सूचना विभागको परिचयपत्र पनि देखाए, तर त्यसले केही काम गरेन। अखिल सामुद्रिक टापु पत्रकार संगठनको सदस्य समेत रहेको सूचना विभागको परिचयपत्रले पनि सिडिसीलाई कुनै प्रभाव पारेन । उनलाई पक्राउ गरेर प्रहरीको जिम्मा लगाइयो । प्रहरीले उनीसँग व्यान लियो र दुई घण्टापछि छोडिदियो ।

सिडिसी र मन्त्री डगलस देवनन्दका कर्मचारीले उनीविरुद्ध कारबाहीका लागि दबाब दिएका थिए। उनीहरूले नै उनलाई मन्त्रालयको तस्वीर खिच्न रोकेका थिए।

‘यदि फेरि पनि मैले यसैगरी तस्वीर खिचेंभने थुनामा कोचिदिने धम्की पनि उनीहरूले दिए’ उपहाँसपूर्ण शैलीमा आमेरासिङ्गेले पछि आईपीएसलाई जानकारी दिए।

उनलाई सरकारी पक्षबाट गरिएको व्यवहार त्यति ठूलो नभए तापनि श्रीलङ्कामा पत्रकारको दायरा साँगुरिदै गएको सङ्केत गर्नभने पर्याप्त रहेको पत्रकार तथा कार्यकर्ताहरूले खुलासा गरेका छन्।

२००५ को डिसेम्बरमा सरकारी फौज तथा एलटिटिईबीच सम्बन्ध अझ बढी तनावपूर्ण बनेपछि प्रेस स्वतन्त्रता खुम्चिन पुगेको छ । पाँचवर्ष लामो युद्धविराम तोडिएपछि पत्रकारहरूको चिन्ताको पारो आकासिएको छ ।

‘गएको दुई वर्षमा सञ्चारमाध्यमको स्वतन्त्रता प्रष्ट रूपले कमजोर हुनपुगेको छ,’ स्वतन्त्र सञ्चार आन्दोलनका प्रवक्ता सुनन्द देशप्रियाले आईपीएसलाई भने । ‘प्रेसमाथि थपिएको चुनौतीका सम्बन्धमा हामीले धेरै मञ्चहरूमा कुरा उठायौं । राष्ट्रपति राजपक्षेसँग पनि गुनासो गर्‍यौं तर कुनै प्रगति भएन। अहिले सार्वजनिक स्थलहरूमा आक्रमणको सम्भावना बढेर गएको छ । जनताका प्रतिनिधिहरूसमेत सुसूचित हुन पाउने अधिकारबाट वञ्चित भएका छन्,’ श्रीलङ्काका प्रतिरक्षा सचिव गोटाभया राजपाक्षेलाई जनवरी २७ मा भेटेर समस्या दर्शाउँदा उल्टै सञ्चारमाध्यमलाई सेन्सर गर्ने र अपराधी नियन्त्रण कानुन पुनरावृत्त गर्ने धम्की प्राप्त भयो। राजपाक्षे राष्ट्रपतिका भाइ हुन् । उनले सन्डे लङ्कादीपलाई बताएअनुसार उनी प्रेस सेन्सर सीपको पक्षमा रहेका छन् । सेना र सैनिक खर्चका बारेमा समीक्षात्मक रिपोर्ट तयार पार्ने कार्यको उनी विरोध गर्दछन् । सोही अखबारले उनी प्रेसमाथि आतङ्ककारी कानुन लगाउने पक्षमा रहेको पनि खुलासा गरेको छ ।

पेरिसस्थित सञ्चारमाध्यमको अधिकारका सम्बन्धमा वकालत गर्दै आएको समिति रिपोर्टर्स उइदाउट बोर्डसले श्रीलङ्काको प्रेसको स्थिति कठोर चुनौतीमा रहेको टिप्पणी गरेको छ। पत्रकारको सुरक्षाको स्थिति अत्यन्त चुनौतीपूर्ण रहेको उल्लेख गर्दै श्रीलङ्कालाई सोमालियाको चाादसँग दाँजेको छ । ‘श्रीलङ्काको सरकारले क्रमशः प्रेससँग सम्बन्धित हत्याका घटनाहरूमा खोजी गर्न रोक्ने गरेको छ। प्रहरीले आशंका

गरिएको अभियुक्त र महत्वपूर्ण सुराक फेला परेको अपराधका घटनामा पनि प्रहरीले खोजतलासको कुनै कारबाही चलाउँदैन, फेब्रुअरी महिनाको सुरुमा प्रकाशित वार्षिक प्रतिवेदनमा समितिले भनेको छ ।

पत्रकारहरूलाई समाचारको गहिराइसम्म पुग्न र खोजी गर्न विभिन्न क्षेत्र प्रतिविम्बित गरिएको छ । सञ्चारमाध्यमहरू एक वा अर्को पक्षका मुखपत्र बनेका छन् । 'द्वन्द्वग्रस्त क्षेत्रमा प्रवेश गर्नु पत्रकारका लागि झण्डै असम्भव नै छ । सरकार र एलटिटिई मैदानमा गोला बारुदले लडिरहेका छन् भने शब्द युद्धका लागि सञ्चार माध्यमको दुरूपयोग गर्दैछन्' रिपोटर्स उइदाउट बोर्डर्स उल्लेख गर्दछ ।

'घटना भएको ठाउँसम्म एक स्वतन्त्र पत्रकार पुग्ने अवस्था छैन । कोलम्बोमा सिंहला र अंग्रेजी प्रेसको बाहुल्यता छ । यसले सरकारको समाचार परीक्षण नै नगरी प्रकाशित-प्रसारित गर्नेगर्छ । त्यसैगरी अर्कातिर तामिल न्युज वेब साइट् र सञ्चारमाध्यमहरू समाचार र दृश्यहरू एकपक्षीय रूपमा सार्वजनिक गरिरहेका हुन्छन्,' समितिले आफ्नो प्रतिवेदनमा जनवरीमा टाइगर्स क्षेत्रको हवाई छापामारीको उदाहरण दिंदै जानकारी गराएको छ । सरकारले तामिल टाइगर्सको आवास भएकाले छापा मारिएको जनाएको छभने तामिल पक्षले सरकारले सर्वसाधरण नागरिकलाई दुःख दिइरहेको दावी गरेको छ ।

आमेरासिङ्गेलाई सिडिसीले दुःखदिएको दुई दिनपछि सयौं पत्रकार भेला भएर सरकारी ज्यादती र सञ्चारमाध्यम माथिको अप्रिय व्यवहारप्रति आपत्ति प्रकट गरे ।

'जनताले युद्धको फोहरी पक्ष पनि थाहा पाउने अधिकार राख्दछन् । सत्य सार्वजनिक गर्नु पत्रकारको धर्म हो । यस मुलुकका जनतालाई सत्य बुझ्ने अधिकार छ । त्यसलाई कसैले पनि रोक्न सक्तैन,' पेशागत संगठनका वरिष्ठ अधिकारकर्मी बल ताम्पोएले भने । पर्यवेक्षकहरूले सिडिसीजस्ता समूहले सञ्चारमाध्यममाथि आक्रमण गर्दा सरकारले आँखा चिम्लिने गरेको टिप्पणी गरेका छन् ।

'सरकारी फौज र टाइगर्सबीच द्वन्द्व चर्किएको बेला रिपोर्टिङको कार्य कठिन हुने गरेको छ । अहिले युद्धको अवस्था चलिरहेको छ त्यसैले घटनास्थलसम्म पत्रकारको पहुँच छैन,' एफएमएमका देशप्रियले भने- पहुँच नदिनुको अर्थ सूचना नदिनु हो, सूचना नहुँदा मुलुक अन्धकारमा डुब्दछ । कहाँ के भएको छ जनतालाई थाहा हुँदैन । थाहा भैहाले पनि आंशिक सत्यमात्र थाहा हुन्छ,' ।

हरेक अवस्थामा सञ्चारमाध्यम आक्रमणको शिकार हुँदै आएको छ । एफएमएम र अन्य सञ्चार अधिकार समूह मौजुदा स्थितिविरुद्ध सडकमा ओर्लिएका छन् । उनीहरूले अहिले आएर अधिकारको अभियानलाई अझ अघि बढाउनुपर्ने र अन्य नागरिक समूहसँग सहकार्य गर्नुपर्ने आवश्यकता महसुस गरेका छन् ।

'यदि प्रेसलाई बन्द गरियो भने के होला ? नागरिकको सूचना पाउने हक कुण्ठित हुन्छ । अहिले यही गर्न खोजिएको छ,' श्रमजीवीपत्रकार संघका सनथ बालासूर्याले आईपीएसलाई भने । सञ्चारमाध्यमको व्यापक स्वतन्त्रताका लागि सबैतिरबाट समर्थन हुन सकेन भने युद्ध अझै कठिन हुने बालासूर्याको विश्लेषण छ । 'आम नागरिकले मनन गर्नुपर्ने सत्य के हो भने पत्रकार प्रताडित हुनु भनेको प्रकारान्तरले आम नागरिक नै समस्यामा पर्नु हो । हुनसक्छ अहिले नै जनताले महसुस गरिरहेका छैनन् तर कालान्तरमा उनीहरूले यो महसुस गर्नेछन्,' उनले अनुमान लगाए ।

१९९९ यता कम्तीमा १४ पत्रकार मारिएको एफएमएमले जनाएको छ । गत वर्ष एउटा अखबारको छापाखानामा आगजनी भयो, थुप्रै पत्रकार देश छोडेर अस्थायी रूपमा पलायन भए अथवा केही समयका लागि कलम थन्क्याएर बसे । उत्तरी जाना पेनिनसुलाबाट प्रकाशित हुने उत्यान्यन् नामको अखबारले न्युजप्रिन्ट उपलब्ध नभएका कारण खैरो कागजमा मुद्रण गर्‍यो ।

श्रीलङ्केली सञ्चारमाध्यमका सदस्दयहरूले आश्चर्यजनक रूपमा लचकता देखाएका छन् तर पनि उनीहरूमाथि अंकुश लगाउने कार्य युद्धरत पक्षहरूले रोकेका छैनन् ।

न्युयोर्कस्थित पत्रकार संरक्षण समिति (कमिटी टु प्रोटेक्ट जर्नालिष्ट्स) ले श्रीलङ्केली सञ्चारमाध्यमको उत्साहपूर्ण चरित्रको सराहना गरेको छ । 'मुलुकका पत्रकारहरू दबाबपूर्ण अवस्थामा रहेका छन् । स्वतन्त्र र खुला समाज सपनाको विषय हुन पुगेको छ । उनीहरूलाई के थाहा छ भने, पत्रकारिताको अभावमा यो क्षेत्रमा विकृति बढेमा, पक्षपात भएमा वा आत्म-संकुचन सिर्जना भएमा स्वतन्त्र समाज सही अर्थमा अस्तित्वमा रहन सक्दैन,' पाकिस्तान र श्रीलङ्काको अवस्थाको व्याख्या गर्दै समितिले भनेको छ ।

# कारण नै नदेखाई मृत्युदण्ड

– किमिया सनाती

तेहराइन (आई.पी.एस्./एन्.पी.आई.) – इरानको दक्षिण-पूर्वी सिस्तान बालुचिस्तान प्रान्तमा एक विद्यार्थीलाई मृत्युदण्डको सजाय दिइएपछि नागरिक समुदाय स्तब्ध भएको छ ।

मृत्युदण्डको सजाय पाउने व्यक्ति नागरिक अधिकारकर्मी तथा पत्रकार याघुब मेहरनाहद हुन् । कारण नै नदेखाई मृत्युदण्डजस्तो भयानक सजाय दिइएकाले उनको चर्चा व्यापक हुन पुगेको छ । खासगरी इरानको जनजाति तथा धार्मिक अल्पसंख्यक समुदायमा २८ वर्षीय याघुब मेहरनाहद चर्चित हुन पुगेका छन् ।

याघुब सुन्नी बलुची हुन् । उनी पक्राउ पर्दा बलुचिस्तान राज्य विश्वविद्यालयका विद्यार्थी थिए । उनलाई २६ अप्रिल २००७ मा गिरफ्तार गरिएको थियो । युवा संगठनको वार्षिक जमघटमा सहभागी भएर फर्किने क्रममा उनी समातिएका हुन् । युवा संगठनका संस्थापकसमेत रहेका उनले पाँच वर्षसम्म त्यसको अध्यक्ष भई कार्य पनि गरेका थिए ।

'प्रश्न उठाउने युवा, जवाफदेही सरकार' विषयमा बहस गरेर भेला सम्पन्न भएको थियो । पाकिस्तानी सीमानजिक प्रान्तको राजधानी जाहेदानमा सो कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा स्थानीय अधिकारीहरू र गर्भनरसमेत उपस्थित थिए ।

याघुबले युवासंघको स्थापना २००२ मा गरेका हुन् । यस संस्थाले विभिन्न साँस्कृतिक समारोहहरूलाई सहायता पनि पुर्‍याएको छ । युवाका लागि सांगीतिक समारोह तथा चित्रकारिता र कम्प्युटर कक्षा सञ्चालनका लागि संस्थाले सहयोग जुटाएको छ । मेहरनाहद प्रान्तका लागि मार्गदोमसलारी (प्रजातन्त्र) नामको अखबार का प्रतिनिधि भएर पनि याघुबले काम गरिरहेका थिए ।

'मेहरनाहदका बारेमा उनी पक्राउ पर्नुअघि थोरैलाई मात्र जानकारी थियो । उनी शिष्टान र बलुचिस्तान प्रान्तलाई सरकारले बेवास्ता गरेकोमा सरकारको आलोचक रहेको कतिलाई थाहा थियो । गैरसरकारी संस्था इस्लामिक मानवअधिकार आयोगसँग पनि उनी सम्बन्धित रहेको पनि केहीले जानेका थिए,' तेहरानका एक विद्यार्थी कार्यकर्ताले आफ्नो नाम उल्लेख नगर्ने शर्तमा आईपीएसलाई भनिन् ।

'मृत्युदण्डको सजाय उनका लागि अत्यन्त अस्वाभाविक हो । उनले कुनै पनि हिंसात्मक गतिविधिको वकालत गरेको हामीलाई थाहा छैन ताकि उनलाई मृत्युदण्डको सजाय प्राप्त होस् । कतिपय अवस्थामा शारीरिक यातनाका कारण भएका चोटपटक लुकाउनका लागि पनि मृत्युदण्डको सजाय दिने गरिन्छ । हुनसक्छ उनलाई पनि त्यसै गरिएको होस्,' उनले भनिन् ।

मेहरनाहदका १६ वर्षे बालक भाइसहित पाँच जनालाई तीन महिना थुनामा राखेपछि मुक्त गरियो । पाँच महिनाका लागि मेहरनाहदलाई खोरमा राखियो । पछि उनलाई जाहेदानस्थित केन्द्रीय कारागारमा चलान गरियो । त्यहाँ पुगेपछि मात्र पहिलो पटक परिवारले उनलाई भेट्न पायो ।

मेहरनाहदले डिसेम्बर २५ मा जाहेदान अदालतमा मुक्तिका लागि मुद्दा हाले तर उनलाई फेरि सुरक्षा खोरमै फिर्ता गरियो । डेढ महिनापछि उनको परिवार र वकिललाई मुद्दामा उपस्थित हुनसमेत दिइएन र मृत्युदण्डको सजाय सुनाइएको जानकारी मात्र दिइयो । सजाय र आरोपका

सम्बन्धमा औपचारिक रूपमा कुनै घोषणा गरिएन । उर्नी पक्राउ परेको बेला अखबारहरूले जुनदुलाहस्थित सशस्त्र बालुची समूहलाई सघाएको आरोपमा बलुचिस्तानका कार्यकर्ता समातिए भनेर समाचार बनाएका थिए ।

आधिकारिक रिपोर्ट र स्वतन्त्र प्रेसको अभावका कारण मेहर नाहदका बारेमा प्राप्त सूचनाका सम्बन्धमा यकिन गरेर भन्न सकिन्न । उनलाई मृत्युदण्ड दिने सजाय सुनाइएको जानकारी पनि अनौपचारिक रूपमै प्राप्त हुन आएको हो । उनले आफैं सञ्चालन गरेको ब्लग र अमिर काबिर प्रविधि विश्वविद्यालयका विद्यार्थीको न्युज पोर्टलले उनलाई मृत्युदण्डको सजाय दिइएको खबर प्रकाशित गरेका हुन् । यी साइट र न्युज पोर्टलहरूले मानवअधिकार सम्बद्ध विषयमा विस्तृत समाचार दिने गर्दछन् ।

मेहरनाहदको ब्लगमा दिइएको विवरणअनुसार बलुचिस्तानमा मानव अधिकार समितिको स्थापनाका लागि प्रचार-प्रसारमा उनी संलग्न रहेका थिए । उनी बलुची भाषाले मान्यता पाउनुपर्छ भन्थे ।

मेहरनाहदले २००३ को नगर परिषद्को निर्वाचनमा उम्मेदवारी दर्तासमेत गराएका थिए । तर, राज्यले उनलाई कुनै कारण नै नखुलाई अयोग्य घोषित गरिदिएको थियो ।

विद्यार्थीको न्युज पोर्टलमा जनाइएअनुसार मेहरनाहदको परिवारको दावी छ, यातना दिइएका चोटपटक लुकाउनका लागि उनलाई मृत्युदण्ड दिइएको हुनसक्ने अनुमान परिवारको छ । उनलाई जेलमा भेट्दा उनी पन्ध्र केजी तौल घटेका र सन्तुलन कायम गरेर उभिन पनि नसक्ने अवस्थामा रहेका थिए ।

बलुचिस्तानका जनताहरू अल्पसंख्यक जनजाति र सुन्नी भएका कारण उनलाई अगाडि आउन नदिइएको विश्लेषकहरूको धारणा छ । इरानी संविधानले मान्यता दिइएता पनि सियाहरूले जुन स्तरको अधिकार उपभोग गर्दै आएका छन् त्यस अनुसारको अधिकार सुन्नीलाई दिइएको छैन । मुलुकका सर्वोच्च नेता राष्ट्रपति सिया नै हुनुपर्ने परम्परा रहि आएको छ ।

सिस्टान बलुचिस्तानको प्रान्तमा कयौं रक्तपातपूर्ण भिडन्तहरू भएका छन् । विगत तीन वर्षमा जुनदुल्लाह लगायतका सशस्त्र बलुची समूह र सरकारी समूहबीच युद्ध भएको छ । विदेशी पत्रकार र पश्चिमेली नागरिकहरूलाई त्यस क्षेत्रमा प्रवेश गर्न प्रतिबन्ध छ ।

इरानी जनएकता अभियान पनि भनिने जुनदुल्लाहले आतङ्ककारी आक्रमण सञ्चालन गर्दै सरकारी अधिकारीहरूमाथि जाइलाग्ने काम पनि गरेको छ । यसले कतिलाई प्रान्तमै बन्धक बनाएर पनि राखेको छ । विगतमा बन्धक बनाइएका केही व्यक्तिहरू मारिएका पनि छन् । मारिएका दर्दनाक दृश्यहरूको भिडियो सञ्चारमाध्यममा पनि सम्प्रेषण गरिएको छ। १४ फेब्रुअरी २००७ मा जुनदुल्लाहले राखेको बम विस्फोटन हुँदा बसमा सवार १४ जना क्रान्तिकारी रक्षक मारिए भने तीसभन्दा बढी घाइते भए। घटनास्थलमा समातिएको एक व्यक्तिलाई सार्वजनिक रूपमा झुण्ड्याइयो र केही दिनपछि सो दृश्य टेलिभिजनबाट प्रसारण गरियो । सत्र वर्षको केटो लगायतका अन्य थुप्रै व्यक्तिलाई यस्तैगरी मारिएको विवरण सार्वजनिक गरिएको थियो। इरानी अधिकारीहरूले अलकायदा अथवा अमेरिका तथा बेलायतका गुप्तचर सेवाहरूद्वारा प्रायोजित हिंसात्मक घटनामा जुनदुल्लाह संलग्न भएको आरोप लगाएका छन् तर जुनदुल्लाहले यी आरोपको खण्डन गरेको छ र बलुची-सुन्नी जनताको अधिकारका लागि लडेको जनाएको छ। सिङ्गो इरानमै लोकतन्त्र आउनुपर्छ भन्ने मान्यतामा अघि बढेको दावी जुनदुल्लाहको छ । सरकारले जुनदुल्लाहलाई लागू औषध तस्करीमा संलग्न भएको आरोप पनि लगाएको छ ।

विश्वमा जनवरीदेखि अगस्ट २००७ सम्ममा १ सय ६६ व्यक्तिलाई मृत्युदण्ड दिइएकोमा इरानमा मात्र ५० जना रहेको एम्नेस्टी इन्टरनेशनलले जनाएको छ । इरान सरकारले मृत्युदण्डको सजाय दिनुपर्ने कारणमा लागू औषध तस्करी अथवा हत्यामा संलग्न रहेको जनाएको छ। विश्वमा सबैभन्दा बढी मृत्युदण्ड दिने राष्ट्रमा इरान दुई नम्बरमा पर्न आउँछ । एक नम्बरको स्थान चीनले ओगटेको छ ।

जनवरी ६ मा सिस्टाङ बालुचिस्तानको न्यायिक विभागले जानकारी गराएअनुसार पाँच व्यक्तिलाई दाहिने हात र देब्रे गोडा काटेर सजाय दिइएको छ। बन्धक बनाएको, हतियार लुटेको र यस्तै अन्य अपराध गरेका कारण इरानमा कठोर सजाय दिने गरेको जनाइएको छ ।

फेब्रुअरी ११ मा सार्वजनिक गरिएको वक्तव्यमा जुनदुल्लाहले मेहरनाहदसँग कुनै पनि प्रकारको आफ्नो सम्बन्ध नरहेको खुलासा गरेको छ र उनलाई मृत्युदण्डको सजाय दिने निर्णय पारित गरेकोमा भर्त्सना गरेको छ ।

## पाकिस्तानमा आत्मघाती लडाका

# आफ्नै सिर्जना आफ्नै विनाश

– अमिर मिर

इस्लामावाद (आई.पी.एस्./एन्.पी.आई.) – पाकिस्तानी सशस्त्र फौजका वरिष्ठ अधिकारीमाथि आत्मघाती हमला भएपछि विश्लेषकहरूले 'आफ्नै सिर्जना आफ्नै विनाश' भनेर टिप्पणी गरेका छन् । रावलपिण्डीको व्यारेकअगाडि सो आक्रमण भएको थियो । अफगानिस्तान र कास्मिरका दुष्मनलाई तहलगाउन ल्याइएको आत्मघाती आक्रमणकारीको अवधारणा अहिले आनैलागि घातक भएको छ ।

अहिलेसम्म पनि अधिकांश पाकिस्तानीहरू आत्मघाती आक्रमणकारीले 'बम मानव' बनेर हमला गर्दछन् भन्ने सुन्दा स्तब्ध हुने गर्दछन् । पश्चिम एशियाको अफगानिस्तान र कास्मिरमा मृत्युको एक कारक बम मानव नै हुनपुगेका छ । फेब्रुअरी महिनाको अन्तिम साता सैनिक शिविरको अगाडि सैनिक उच्च अधिकारी मुस्ताक अहमद बाइग र सातजना अन्य व्यक्तिको हत्या गरिएको थियो ।

पाकिस्तानमा आत्मघाती आक्रमणको प्रवृत्ति २००७ मा निकै खतरनाक स्तरमा पुगेको पाइन्छ । औशत एक हप्तामा एकभन्दा बढी यस्ता आक्रमण भएको आन्तरिक मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कले देखाउँछ । विश्लेषकहरू आत्मघाती आक्रमणकारीहरू सत्तामा पहुँच बनाउन वा देशभक्तिको भावनाले यस काममा लाग्छन् भन्ने कुरामा सहमत छैनन्, 'नास्तिक शक्ति वा फौज' का कारण आत्मघाती आक्रमण हुने गरेका छन् ।

पूर्व प्रधानमन्त्री तथा पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) का अध्यक्ष बेनजिर भुट्टोको २७ डिसेम्बरमा भएको हत्या आक्रमणकारीले गरेको उच्चस्तरको व्यक्तिको हत्या हो । तर गएको वर्ष मात्र मुलुकमा जम्मा ५६ वटा आत्मघाती बम आक्रमण भएका छन् । जसमा ४ सय २२ जना सैनिक र प्रहरी मारिए । यसअतिरिक्त २ सय २० जना सर्वसाधारण व्यक्ति मारिएका थिए । २००८ को प्रारम्भमै आत्मघाती आक्रमणका १० घटनाहरू मुलुकले भोग्नु पर्‍यो । १ सय ५३ व्यक्तिको ज्यान लिने सो घटनामा ९८ सर्वसाधारण, ३० जना सैनिक अधिकारी र २५ प्रहरीहरू थिए ।

सैनिक अधिकारी बाइगको हत्याका सम्बन्धमा आन्तरिक मन्त्री अवकास प्राप्त सैनिक जनरल हमिद नवाजले घटनाको छानबिनपछि अधिकांश आक्रमणकारीहरू ३० वर्षभन्दा मुनिका युवाहरू रहेको बताएका छन् । मुलुकको दक्षिण तथा उत्तर वाजिरस्तान अथवा पाकिस्तान अफगानिस्तान सीमा क्षेत्रका व्यक्तिहरू आत्मघाती आक्रमणका वासिन्दा रहेको पाइएको छ ।

नवाजले तथ्याङ्क देखाउँदै गतवर्ष पाकिस्तानमा जनवरी १ देखि जुलाई तीनमा ७५ व्यक्ति मारिएको खुलासा गरे । यही समयको आक्रमणबाट आत्मघातीहरू सैनिक क्षेत्रमा समेत केन्द्रित हुन थालेको पाइयो । इस्लामावादको लाल मस्जिदको सैनिक व्यारेकमा जुलाई ७ मा भएको आक्रमणले पनि यहीं तथ्य सावित गर्‍यो । जुलाई १० मा जब आदिवासी क्षेत्रमा इस्लामी लडाका विरुद्धको सैनिक कारबाही समाप्त भयो, तब सेनालाई आत्मघाती आक्रमणका लागि तयार रहन चेतावनी पनि प्राप्त भयो ।

जुलाई १४ देखि २७ का बीच पन्ध्र पटकसम्म आक्रमण भएको रेकर्ड गरिएको छ । औशत एक दिनमा एक पटक सुरक्षा क्षेत्रलाई केन्द्रित गर्दै यो आक्रमण भएको देखिन्छ । २००७ को उत्तरार्धमा ४४ आत्मघाती आक्रमण भए । आधादर्जन आक्रमण राजनीतिक नेतृत्वविरुद्ध भए जसमा भुट्टोको

जीवन गयो । बाँकी ३८ आक्रमण सैनिकमाथि नै केन्द्रित थियो ।

पञ्जाब विश्वविद्यालयका राजनीतिक शास्त्र विभागका पूर्व अध्यक्ष फारुक हस्तान आइपीएसलाई बताउँछन्- आत्मघाती आक्रमणकारीहरूको जन्म पाकिस्तानी सेना र गुप्तचर निकायबाटै भएको हो । अहिले आफैले जन्माएका आक्रमणकारीहरू आनै पूर्व मालिकका विरुद्ध खनिएका छन् । छिमेकी भारत तथा अफगानिस्तानमा १९८० को दशकमा आक्रमण गर्ने उद्देश्यले आत्मघाती दस्ता सिर्जना गरिएको थियो । अल कायदा र तालिवान सञ्जाल ध्वस्त पार्न सिर्जना गरिएको आत्मघाती दस्ताले आज आएर तीनै समूहलाई साथदिने काम गरिरहेको छ ।

पूर्व आन्तरिक मन्त्री अफताब अहमद खान सोर्पाओ जो आत्मघाती आक्रमणबाट मुस्किलले बचन सफल भएका व्यक्ति हुन्, आइपीएसलाई भन्छन्- आत्मघाती आक्रमणकारीहरूको समूहमा दुई प्रकारका अतिवादीहरू देखिन्छन् । 'पहिलो प्रकारका आक्रमणकारी मुलुक विभाजन गर्ने मानसिकताका साथ लागेका छन् । लस्कर ए जाङभि नामको प्रतिबन्धित सुन्नी समूहका सदस्यहरू यस समूहमा पर्दछन् । गोप्यताका लागि बदनाम घातक र निर्दयी आक्रमणका लागि मसुर यो समूह पाकिस्तानमा पश्चिमी स्वार्थका लागि आक्रमण गर्दछ । ऊ मुलुकको सञ्चालन तालिवान शैलीको इस्लामिक कट्टरपन्थीको तरिका अपनाउन चाहन्छ ।'

सेर्पाओले दोस्रो प्रकारको आक्रमणकारीको वर्णन गर्दै भने, तालिवान समूह समर्थक यस समूहका व्यक्तिहरू बाजिरिस्तान क्षेत्रबाट आएका हुन् । यो चट्टानै चट्टानले भरिएको सुदूर क्षेत्र हो । इस्लामी विद्रोहीहरू अफगान तालिवान मिलिसिया र अलकायदाले उत्तर वाजिरिस्तान क्षेत्रको सबैजसो भाग नियन्त्रण गरेका छन् । अफगानिस्तानको अमेरिकी नेतृत्वमा रहेको फौज र पाकिस्तानी सुरक्षा फौजविरुद्ध यो समूह केन्द्रित छ । सोर्पाओका अनुसार उनीहरूले प्रयोग गर्ने हतियार अत्याधुनिक तथा आत्मघाती प्रकृतिको हुने गरेको छ ।

अवकास प्राप्त मेजर जनरल नासिरुल्लाह बबाह जो पिपिपीका नेता तथा पूर्व आन्तरिक मन्त्री पनि हुन्, आत्मघाती आक्रमणकारीको उत्पत्तिका सम्बन्धमा भन्छन्, कास्मिर र अफगानिस्तानको विवादका कारण सुरुमा आत्मघाती आक्रमणकारीलाई पाकिस्तानी पक्षबाट समर्थन हुन पुगेको थियो । 'तर मुसरफको सत्ताबाट आक्रोशित बनेका र यस सरकारको कास्मिर तथा अफगान नीतिप्रति असन्तुष्ट रहेका कारण उनीहरू जतबाट आए उतैतिर फरक्क फर्के । धर्मका नाममा युद्ध गर्नेहरूले मुसरफको सरकारलाई धर्मविरोधी ठहराउँदै बदला लिने मानसिकताले आत्मघाती आक्रमण सुरु गरे ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :** ______________________